सर्वोच्च अदालत,संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

**फैसला**

०७६-WH-०३३०

मुद्दाः- बन्दीप्रत्यक्षीकरण।

स्याङ्जा जिल्ला साविक तुलसी भञ्याङ गा.वि.स.वडा नं.७ हाल परिवर्तित गल्याङ न.पा.वडा नं.११ घर भै हाल कारागार कार्यालय स्याङ्जामा कैदमा रहेको बिमल खनालको हकमा कानून व्यवसायी अधिवक्ता तेजप्रसाद खराल.......................................................................................१ निवेदक

विरुद्ध

जिल्ला अदालत बागलुङ...........................................................................१

उच्च अदालत पोखरा बागलुङ इजलास......................................................१ विपक्षी

कारागार कार्यालय स्याङ्जा.......................................................................१

नेपालको संविधानको धारा ४६ तथा १३३ बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर भई नियमबमोजिम पेशी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ ।

**१. निवेदकको निवेदन व्यहोराः-**

निवेदक बिमल खनाललाई बागलुङ जिल्ला अदालतबाट १ वर्ष कैद र रु. ५०।- जरिवाना हुने ठहरी भएको फैसला उपर परेको पुनरावेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट सुरु सदर हुने गरी फैसला भई निजलाई स्याङ्जा जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी अनुसन्धानका क्रममा थुनामा बसेको दिन १० बाहेक ०/११/२० दिन कैद २०७६/१०/१७ देखी लागु हुने गरी मिति २०७७/१०/०७ मा कैदबाट छुटि जान

पाउने गरी स्याङ्जा जिल्ला अदालतबाट २०७६/१०/१७ देखी कारागार कार्यालय स्याङ्जामा कैदमा बसी आएको हो । निवेदकले मुलुकी फौज्दारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद वापत रकम दाखिला गरी कैदबाट छुटिजाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा निवेदन दर्ता गरेकोमा उक्त आदेश गर्न मिलेन भनी भएको आदेश उपर दिएको निवेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट उक्त आदेश सदर भएको हो। मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १५५ र सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय बमोजिमको मिति ०७६/१२/०७ को प्रेस विज्ञप्तीको बुँदा नं. ६ मा उल्लेखित व्यवस्था समेतको बर्खिलाप हुने गरी गैर कानूनी रुपमा निवेदक विमल खनाल थुनामा रहेकाले बागलुङ जिल्ला अदालतबाट मिति २०७६/१२/२१ र उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७७/०१/०२ मा भएको आदेश बदर गरी बाँकी कैद वापत लागेको रकम लिई बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा थुना मुक्त गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदनपत्र।

२. **यस अदालतको प्रारम्भिक आदेशः-**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार र कारण खुलाई ३ दिनभित्र इमेलबाट (वर्तमान Lockdown को परिवेशसमेतलाई बिचार गर्दा) महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको एक/एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा आजै इमेलमार्फत म्याद सूचना पठाई उक्त अदालतलाई म्याद सूचना पठाएको जानकारी टेलिफोनमार्फत गराई शीघ्र तामेल गर्न लगाई प्रस्तुत रिट निवेदन सुनुवाईको लागि मिति २०७७।१।१२ गतेको पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७७।१।८ को आदेश।

३. **बागलुङ जिल्ला अदालतको लिखितजवाफः-**

निज बिमल खनालले मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १५५ बमोजिम कैद बापतको रकम बुझाई कैदबाट छुटकारा पाउन बागलुङ जिल्ला अदालतमा निवेदन दिएकोमा निवेदन माग बमोजिम आदेश गर्न मिलेन भनी भएको आदेश बदर गरी पाउन दिएको निवेदनमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट जिल्ला अदालतबाट भएको आदेश सदर भएको देखिन्छ। तत्पश्चात निज बिमल खनालले मुलुकी फौज्दारी,

कार्यविधि संहिता २०७४ को दफा १५५ बमोजिम कैद वापतको रकम तिरी कैदमा बस्न नपर्ने गरी आदेश गरी पाउन स्याङ्जा जिल्ला अदालतमा पूनः मिति २०७६।१२।२१ द.नं.१०६२ मा निवेदन दर्ता गरेकोमा निवेदकको माग बमोजिमको आदेश गर्न मिलेन भनी पूनः आदेश भएको र सो आदेश उपर पनि निज निवेदकले पूनः उच्च अदालत पोखरा बागलुङ इजलासमा द.नं. ०७६-AP-००४४ मिति २०७६।१२।२६ मा निवेदन दर्ता गरेकोमा स्याङ्जा जिल्ला अदालतको आदेशलाई पूनः सदर गरेको देखिंदा यस अदालतबाट कानून बमोजिम भए गरेका काम कारवाहीबाट निवेदकको संवैधानिक र कानूनी हक अधिकार हनन नभए/नगरिएको हुँदा प्रस्तुत रिट निवेदन ख़ारेज गरिपाउँ भन्ने समेत व्यहोराको बागलुङ जिल्ला अदालतको लिखितजवाफ।

४. **उच्च अदालत पोखरा,बागलुङ इजलासको लिखितजवाफः-**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्ष भन्दा कम सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भिरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्न उपयुक्त नदेखिएकोसमेतको आधारमा कसूरदारलाई कैद वापतको रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको तर सर्वोच्च अदालतको मिति २०७६।१२।७ को परिपत्रमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७३ लाई सम्बोधन गरेको नदेखिएको, निवेदक जेष्ठ नागरिक नरही वर्ष ३० को रहेको देखिएको, अहिलेको महामारीको रुपमा रहेको नोबेल कोरोना भाइरस (COVID-19) लाई प्रभावित पुऱ्याउने खालको विरामी रहेको भन्ने निवेदकले निवेदनमा देखाउन नसकेको, निवेदक कीर्ते मुद्दामा कसूरदार ठहरी कैदमा रहेको देखिएको र यिनै निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैदमा बस्नु नपर्ने गरी आदेश गरिपाउन दिएको निवेदनमा एक पटक सुरु अदालतबाट भएको आदेशलाई यसै अदालतबाट मनासिव ठहऱ्याई आदेश भइसकेको परिप्रेक्ष्यमा न्यायका मान्य सिद्धान्तको प्रतिकूल हुने गरी यसै अदालतबाट आदेश गर्न नमिल्नेसमेत भएकाले सुरु जिल्ला अदालतबाट मिति २०७६।१२।२१ मा भएको आदेश सदर हुने गरी यस अदालतबाट मिति २०७७।१।२ मा आदेश भएको हो ।यस अदालतको कानून बमोजिम सम्पादित उक्त काम कारवाहीबाट निवेदकको कुनै संवैधानिक र कानूनी हक

अधिकार हनन् नभए/नगरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको उच्च अदालत पोखरा,बागलुङ इजलासको लिखितजवाफ ।

५. यस अदालतको अन्तिम आदेशः-

उपरोक्तानुसारको तथ्य भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री तेजप्रसाद खराल, श्री सन्तोष भण्डारी र श्री लक्ष्मीनानी थापाले निवेदक बिमल खनाललाई बागलुङ जिल्ला अदालतबाट १ वर्ष कैद र रु. ५०।- जरिवाना हुने ठहरी भएको फैसला उपर परेको पुनरावेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट सुरु सदर हुने गरी फैसला भई स्याङ्जा जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी मिति २०७७/१०/०७ मा कैदबाट छुटि जान पाउने गरी स्याङ्जा जिल्ला अदालतबाट २०७६/१०/१७ देखी कारागार कार्यालय स्याङ्जामा कैदमा बसी आएको हो । निवेदकले मुलुकी फौज्दारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद वापत रकम दाखिला गरी कैदबाट छुटिजाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा निवेदन दर्ता गरेकोमा उक्त आदेश गर्न मिलेन भनी भएको आदेश उपर दिएको निवेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट उक्त आदेश सदर भएको हो। मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १५५ र सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय बमोजिमको मिति ०७६/१२/०७ को प्रेस विज्ञप्तीको बुँदा नं. ६ मा उल्लेखित व्यवस्था विपरित हुने गरी गैर कानूनी रुपमा निवेदकलाई थुनामा राखिएको छ। कारागार कार्यालय स्याङ्जामा ५५ जना कैदी राख्ने क्षमता रहेकोमा हाल १५४ जना कैदी रहेको अवस्था छ । मुलुकी ऐन दण्ड सजायको दफा ११(क) मा समेत कैद वापत रकम दाखिला गरी कैदबाट छुटिजाने सुविधाको व्यवस्था भएको हुँदा निवेदकबाट बाँकी कैद वापत लागेको रकम लिई बन्दी प्रत्यक्षीकरणको आदेशद्वारा थुना मुक्त हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले निज बिमल खनालले मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १५५ बमोजिम कैद बापतको रकम बुझाई कैदबाट छुटकारा पाउन बागलुङ जिल्ला अदालतमा निवेदन दिएकोमा माग बमोजिमको आदेश नभएको हो । उक्त आदेश बदर गरी पाउन दिएको निवेदनमा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट जिल्ला अदालतबाट भएको

आदेश सदर भएको हो। तत्पश्चात निज बिमल खनालले स्याङ्जा जिल्ला अदालतमा पूनः मिति २०७६।१२।२१ द.नं.१०६२ मा निवेदन दर्ता गरेकोमा निवेदकको माग बमोजिमको आदेश नभएको र सो उपर पनि निज निवेदकले पूनः उच्च अदालत पोखरा बागलुङ इजलासमा द.नं. ०७६-AP-००४४ मिति २०७६।१२।२६ मा निवेदन दर्ता गरेकोमा स्याङ्जा जिल्ला अदालतको आदेशलाई पूनः सदर गरेको हो । सर्वोच्च अदालतको मिति २०७६।१२।७ को परिपत्रमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम निवेदन परेमा कैद वापत रकम लिई छोड्न मिल्ने व्यवस्था भए तापनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्ष भन्दा कम सजाय भएको मुद्दा भन्ने उल्लेख भएकोमा निज निवेदकको हकमा १ वर्ष कैद र रु. ५०।- जरिवाना हुने ठहरी फैसला भएको हुँदा जिल्ला र उच्च अदालतबाट कारण देखाई निवेदकको निवेदन माग अस्वीकार गरेको हो । साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ लाई अधिकारको रुपमा लिन नपाइने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विद्वान अधिवक्ताहरु तथा विद्वान सहन्यायाधिवक्ताले गर्नु भएको उल्लेखित बहससमेत सुनी निवेदन व्यहोरा सहितको मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदन माग बमोजिम रिट जारी हुनुपर्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ बिचार गर्दा, निवेदक बिमल खनाललाई बागलुङ जिल्ला अदालतबाट १ वर्ष कैद र रु. ५०।- जरिवाना हुने ठहरी भएको फैसलामा उच्च अदालत पोखरा बागलुङ इजलासबाट समेत सुरु सदर भई मिति २०७७/१०/०७ मा कैदबाट छुटि जान पाउने गरी मिति २०७६/१०/१७ देखी कारागार कार्यालय स्याङ्जामा कैदमा बसी आएको हो । निवेदकले मुलुकी फौज्दारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद वापत रकम दाखिला गरी कैद्बाट छुटिजाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा दिएको निवेदनमा निवेदकको मागबमोजिमको आदेश नभएकोमा सो उपर दिएको निवेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट समेत सदर भएको हो। मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १५५ र सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय बमोजिमको मिति ०७६/१२/०७ को प्रेस विज्ञसीको बुँदा नं. ६ मा उल्लेखित व्यवस्था विपरित हुने गरी मैर कानूनी रुपमा निवेदकलाई थुनामा राखिएको

हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरी पाउँ भन्ने दावी गरी निवेदकले रिट निवेदन दायर गरेको देखियो।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्ष भन्दा कम सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भिरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्न उपयुक्त नदेखिएकोसमेतको आधारमा कसूरदारलाई कैद वापतको रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको भए तापनि सर्वोच्च अदालतको मिति २०७६।१२।७ को परिपत्रमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७३ लाई सम्बोधन गरेको नदेखिएको, निवेदक जेष्ठ नागरिक नभएको, अहिलेको महामारीको रुपमा रहेको नोबेल कोरोना भाइरस (COVID-19) लाई प्रभावित पुऱ्याउने खालको विरामी रहेको भन्ने निवेदकले निवेदनमा देखाउन सकेको छैन। निवेदक कीर्ते मुद्दामा कसूरदार ठहरी कैदमा रहेको र यिनै निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिमको दिएको निवेदनमा एक पटक सुरु अदालतबाट भएको आदेशलाई उच्च अदालतबाट सदर भइसकेको अवस्थामा पूनः सुरु जिल्ला अदालतबाट मिति २०७६।१२।२१ मा भएको आदेश सदर हुने गरी उच्च अदालत पोखरा बागलुङ इजलासबाट मिति २०७७।१।२ मा भएको आदेश बमोजिम सम्पादित काम कारवाहीबाट निवेदकको कुनै संवैधानिक र कानूनी हक अधिकार हनन् भएको छैन भन्ने समेतको विपक्षीको भनाई रहेको पाइयो।

निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने वा नहुने सम्बन्धमा विचार गर्दा, प्र.ना.नि. छवबहादुर घर्तीको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार तथा प्रतिवादी बिमल खनाल भएको किर्ते मुद्दामा निवेदकलाई बागलुङ जिल्ला अदालतबाट मिति २०७३/०९/०३ मा १ वर्ष कैद र रु. ५०।- जरिवाना हुने गरी भएको फैसला उपर निवेदकको पुनरावेदन परी उच्च अदालत पोखरा बागलुङ इजलासबाट सुरु सदर भै अन्तिम भएको हुँदा निजलाई स्याङ्जा जिल्ला प्रहरी कार्यालयले मिति २०७६/१०/१७ मा पक्राउ गरी स्याङ्जा जिल्ला अदालतमा पेश गरेकाले फैसला बमोजिम लागेको जरिवाना रु ५०।- दाखिला गरी अनुसन्धानका क्रममा थुनामा बसेको दिन १० बाहेक ०/११/२० दिन कैद लागु हुने गरी मिति २०७७/१०/०७ मा कैदबाट छुटिजान पाउने गरी मिति २०७६/१०/१७ देखी कारागार कार्यालय स्याङ्जामा कैदमा बसेको

देखिन्छ। निवेदकले मुलुकी फौज्दारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद वापत रकम दाखिला गरी कैदबाट छुटिजाने सुविधा पाउन जिल्ला अदालत बागलुङमा निवेदन दर्ता गरेकोमा निवेदन माग बमोजिम आदेश गर्न मिलेन भन्ने आदेश उपर परेको निवेदनमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट समेत सदर भएको देखिन्छ। सर्वोच्च अदालतको मिति २०७६/१२/०७ मा बसेको पूर्ण बैठकको निर्णय बमोजिम जारी गरिएको प्रेस विज्ञप्तीको बुँदा नं. ६ मा उल्लेख गरिएको व्यहोरा समेतका अधिनमा रही निवेदकले स्याङ्जा जिल्ला अदालत तथा बागलुङ जिल्ला अदालतमा कैद वापत रकम दाखिल गरी कैदमा बस्न नपर्ने गरी आदेश जारी गरी पाउन पुनः निवेदन दिएकोमा उच्च अदालत पोखरा बागलुङ इजलासबाट पुनः मागबमोजिमको आदेश जारी गर्न मिलेन भनी मिति २०७७।१।२ मा आदेश भएको देखिन्छ ।

प्रस्तुत निवेदनमा निवेदकको माग सम्बन्धमा विचार गर्दा सर्वप्रथमतः विश्वमा फैलिएको कोरोना भाइरस (COVID 19) को महामारीको अवस्था तथा हाल नेपालको कारागारमा थुनुवा बन्दी राख्ने क्षमता सम्बन्धमा ध्यान दिनु पर्ने देखिन्छ। हाल कोरोना भाइरस (COVID 19) को महामारीले विश्व नै अक्रान्त भएको छ । नेपाल पनि यसै कारणबाट अत्यन्त नाजुक अवस्थामा रहेको र कोरोना भाइरसको संक्रमणका कारण बढी मानिस भिडभाड हुन नहुने, सामाजिक दुरी कायम नगरी बस्दा एकापसमा रोगको संक्रमण हुने भएकोले हाल नेपालमा पनि बन्दाबन्दी (Lock Down) को अवस्था रहेको छ। साथै यस्तो अवस्थामा निवेदक थुनामा बसेको स्याङ्जा कारागार कार्यालयमा पुरुष ३५ र महिला १५ गरी जम्मा ५० जना थुनुवा बन्दी राख्ने क्षमता रहेकोमा हाल उक्त कारागार कार्यालयमा पुरुष १४० र महिला १४ गरी जम्मा १५४ जना थुनुवा बन्दी रहेको जानकारी सम्बन्धित कार्यालयको आधिकारिक स्रोतबाट प्राप्त भएको अवस्था छ । यसरी कारागारमा क्षमता भन्दा बढी कैदीहरु हुँदा अत्याधिक भीडभाडको अवस्था सृजना भई कैदीहरुमा कोरोना भाइरसको संक्रमणको जोखिम बढ्ने अवस्था रहेको देखिन्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा **"कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्ष भन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भिरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति,**

कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैद बापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ । उल्लेखित व्यवस्था बमोजिम एक वर्षभन्दा कम कैद सजाय भएको मुद्दामा कैद वापत रकम तिरी कैदमा बस्नु नपर्ने आदेश गर्न सकिने नै देखियो । प्रस्तुत निवेदनमा निवेदकलाई किर्ते मुद्दामा एक वर्ष कैद र रु. ५०। जरिवाना हुने ठहरी फैसला भए बमोजिम निजलाई लागेको जरिवाना रु. ५०। र.नं. २९१३ बाट दाखिला भइसकेको भन्ने मिसिलबाट देखिन्छ । कैद बापत रकम तिर्ने व्यवस्थाले जरिवाना लागेको रकम समेत तिरिसकेको अवस्थामा अन्यथा भन्न सकिने देखिएन।

यसरी कोरोना भाइरसको महामारीले जन्माएको विषम परिस्थितीमा कारागारमा कैदी बन्दीको भीडभाड कम गर्ने प्रयोजनार्थ प्रयोग गर्ने भनिएको मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ अन्तर्गत प्रस्तुत निवेदन पेश भएकोमा कोरोना भाइरसको महामारीले देश नै बन्दाबन्दी (Lock Down) को अवस्थामा रहेको र बन्दाबन्दीको उद्देश्य शारीरिक दुरी कायम गरी महामारीबाट बचाउनु भएको तथा बन्दाबन्दीको विशेष परिस्थितिबाट बन्दीप्रत्यक्षीकरण बाहेक अन्य उपचारको हकहरु समेत अवरुद्ध भएको फरक विशेष अवस्थामा पनि मिति २०७६।१०।२२ को बागलुङ जिल्ला अदालतको र मिति २०७६।११।२९ को उच्च अदालत पोखरा, बागलुङ इजलासको पूर्व आदेशहरु कायम नै रहेको अवस्थामा उक्त आदेशहरु विपरीत गर्न नमिल्ने भनिएको मिति २०७६।१२।२१ को बागलुङ जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गर्ने गरेको मिति २०७७।१।२ को उच्च अदालत पोखरा, बागलुङ इजलासको आदेश कानुनसंगत देखिएन ।

अतः उपर्युक्त आधार र कारण समेतबाट बागलुङ जिल्ला अदालत र उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएका आदेशहरुमा माथि उल्लेखित विषयहरुका सम्बन्धमा विचार नगरिएबाट उक्त आदेशहरु त्रुटिपूर्ण देखिंदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । आज सिङ्गो देश बन्दाबन्दी (Lock Down) को स्थितीमा रहेको अवस्थामा कारागारमा रहेको थुनुवा/कैदीको पनि अन्य नागरिक सरह जीवनको सुरक्षा, स्वास्थ्यको सुरक्षा तथा संक्रमणको जोखिमबाट सुरक्षित राख्नु पर्ने दायित्व राज्यमा रहेको छ।

थुनुवा/कैदीको हकमा पनि न्यूनतम मानवीय व्यवहार गर्नुपर्ने हुन्छ। कारागारको क्षमता भन्दा बढी कैदी रहेको भनी निवेदनमा नै उल्लेख भएको र बहसको क्रममा तथा सम्बन्धित कार्यालयको आधिकारिक स्रोतबाट समेत प्राप्त तथ्याङ्कबाट पनि देखिएको अवस्थामा बन्दाबन्दी (Lock Down) मा भीड कम गर्दै शारिरीक दुरी कायम गरी संक्रमणको जोखिमबाट बच्नको लागि स्वास्थ्यको सुरक्षाको उपयोगितालाई ध्यानमा राखेर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतको उपयुक्त आदेश गर्नू भनी बागलुङ जिल्ला अदालत तथा उच्च अदालत पोखरा, बागलुङ इजलासको नाममा परमादेशको आदेश जारी गरिदिएको छ। जानकारीको लागि आदेशको प्रतिलिपी महान्यायाधिवक्ताको कार्यालय र विपक्षी अदालतहरुलाई पठाई दिनू । प्रस्तुत निवेदनको आदेशको विद्युतीय प्रति अपलोड गरी दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनुहोला ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः तारादेवी महर्जन
कम्प्युटरः सरस्वती दाहाल
ईति सम्वत २०७७ साल बैशाख १४ गते रोज १ मा शुभम्......................